# छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं.(Letter No.) : २०८०।०८१
चलानी नं.(Ref. No.) : १९८६१

Website : www.chhinnamastamun.gov.np
मिति(Date) : २०८०/०१/०७

## विषयः प्रस्ताव आह्वान सम्बन्धमा ।

(दोस्रो पटक प्रकाशित मिति २०८१/०१/०७)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न समुदायको महिला समूह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान बजेट रु ६,२५,०००/- (छ लाख पचिस हजार मात्र) प्राप्त रहेको र देहाय छनौट मापदण्डका आधारमा कार्यान्वयन गर्नु पर्ने भएको हुँदा आवश्यकता सहित ईच्छुक महिला समूह वा सहकारी संस्थाहरूले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यस गाउंपालिका क्षेत्र भित्रका सबै महिला समूह वा सहकारी संस्थाहरुमा जानकारी साथ अनुरोध छ ।

| क.सं. | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान | रु.६,२५,०००/- | छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी | |

**प्रस्ताव उल्लेख हुनु पर्ने कुराहरू**

- प्रस्ताव पेश गर्ने छिन्नमस्ता गाउंपालिका अन्तर्गतको महिला समूह वा सहकारी संस्था हुनु पर्नेछ ।
- दलित/विपन्न/सिमान्तकृत महिलाहरुको नाम, ठेगाना, सम्पंक नम्बर २५ जनाको उल्लेख गरेको हुनुपर्नेछ ।
- महिला समुह वा सहकारी संस्थाका सदस्यहरु मध्ये विपन्न सुनौलो हजार दिनका (आमाको गर्व रहे देखि बच्चा २ वर्षको अवधि) आमाहरु तथा किशोरीहरु २५ जना सदस्यलाई मात्र अनुदान व्यवस्था मिलाउने महिला समूह वा सहकारी संस्थाको व्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव हुनुपर्नेछ ।
- संक्षिप्त व्यवसायीक कार्य योजना समेत पेश गर्नुपर्नेछ ।
- समुह वा सहकारी संस्थाको निवेदन/प्रतिवद्धता पत्र, समूह वा सहकारी संस्थाको एक बैठकको निर्णय प्रतिलिपी, साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपी, आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी, पान नं., आ.व.२०७९/०८० को कर चुक्ता गरको प्रमाणपत्र प्रतिलिपी, दर्ता/नविकरणको प्रमाण पत्रको प्रतिलिपी सबै विवरण खुलाएर पेश गर्नुपर्नेछ ।
- विपन्न सुनौलो हजार दिनका आमा तथा किशोरीहरुको घर परिवारका २५ जना सदस्यको नाम र व्यवसायको योजना सहितको नाम पेश गर्नुपर्नेछ।
- बहुक्षेत्रीय पोषण योजना सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधि, २०७७ बमोजिम लागु हुनेछ ।

नोट : थप जानकारीको लागि सम्पर्क नम्बर ९८११७२३३१०/९८२५७११११६

२०८१/०१/०७
........................
उज्जवल आनन्द
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री छिन्नमस्ता गाउँपालिका अध्यक्ष ज्यू (जानकारीको लागि)
श्री छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष ज्यू (जानकारीको लागि)
श्री वडा कार्यालयहरू (१-७) सम्पूर्ण, छिन्नमस्ता गाउपालिका, सप्तरी ।
श्री सूचना प्रविधि शाखा website मा सूचना Upload गरि दिनु हुन् ।

प्रमुख प्रशासकीय अधिकृत